## मिति : २०७६।०३।०३   बैठक संख्या : ५३

**बैठक संख्या : ५३**                                                            **स्थान : राप्ती नगरपालिका**
**मिती : २०७६।०३।०३ गते          समय                                     :साझ ५ : ०० बजे**
यस राप्ती नगरपालिका  ,  नगर कार्यपालिकाको प्रमुख श्री प्रभा वराल (पौडेल) को अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितीमा बसि निम्न प्रस्तावहरुमा छलफल गरियो ।

**उपस्थिति**

वडाध्यक्ष वडा नगरप्रमुख श्री प्रभा वराल(पौडेल)

नगर उपप्रमुख श्री इमान सिंह लामा

नं १ श्री सिद्धिलाल स्याङतान

वडाध्यक्ष वडा नं २ श्री श्याम सुन्दर उप्रेती

वडाध्यक्ष वडा नं ३ श्री राज कुमार उप्रेती

वडाध्यक्ष वडा नं ४ श्री शमशेर लामा

वडाध्यक्ष वडा नं ५ श्री मेनुका पाठक

वडाध्यक्ष वडा नं ६ श्री जल्लु महतो थारु

वडाध्यक्ष वडा नं ७ श्री सुमिता डल्लाकोटी

वडाध्यक्ष वडा नं ८ श्री वुद्धिराज थपलीया

वडाध्यक्ष वडा नं ९ श्री देवेन्द्र लामा

वडाध्यक्ष वडा नं १० श्री अमर बहादुर तामाङ

वडाध्यक्ष वडा नं. ११ श्री हित बहादुर तामांङ

वडाध्यक्ष वडा नं. १२ श्री अर्जुन प्रजा

वडाध्यक्ष वडा नं. १३ श्री सूर्य बहादुर चेपाङ

सदस्य श्री पुष्पा के.सी. कुवर

सदस्य श्री दिल कुमारी लामा

सदस्य श्री कविता राई

सदस्य श्री रमिता परियार

सदस्य श्री श्यामलाल वि.क.

सदस्य श्री आइती देवी दराई

सदस्य श्री अम्विका लामा

सदस्य श्री पहलमान प्रजा

सदस्य सचिव  प्रमुख  प्रशासकीय अधिकृत श्री मिठाराम हुमागाई

आमन्त्रित  जिल्ला समन्वय समिति सदस्य श्री गुनु वि.क.

ले खा अधिकृत श्री गोपाल तिवारी

**मिति : २०७६।०३।०३   बैठक संख्या : ५३**

**प्रस्तावहरु**

१. पाचौ नगरसभा तयारी सम्बन्धमा ।
२. नगरसभामा पेश गर्ने नगर र वडाहरुको योजना सम्बन्धमा ।
३. मुद्धामा अधिकार दिइ पठाउने बारे ।
४. ७०-३० को योजना संचालन सम्बन्धमा ।
५. शिक्षा शाखाको निर्णय अनुमोदन सम्बन्धमा ।
६. बार्षिक कार्ययोजना प्रस्ताव सम्बन्धमा ।
७. एम्बुलेन्स संचालन समिति गठन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा राप्ती नगरपालिकाको पाचौ नगरसभा सभाको तयारी सम्बन्धमा जानकारी लिइयो । मिति २०७६।०३।१० गते नै सम्पन्न गर्नका लागि सवैबाट तदारुकताका साथ कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा तोकिएको बजेट सिलिङ अनुसार योजना छनौट गरी र संघीय सरकार र प्रदेश सरकारसँग माग गर्नुपर्ने योजनाको सूची वडाबाट मिति २०७६।०२।२५ सम्ममा नगरपालिकामा पठाउने गरी कार्यतालिका स्वीकृत गरिएकोमा सो हाल सम्म २ वडाहरुबाट मात्र प्राप्त भएकोले २०७६ असार ५ गते ५ बजे भित्र योजना तथा कार्यक्रम तयारी गरी वडा समितिको निर्णय सहित पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा  यस राप्ती नगरपालिका कार्यालय समेतलाई प्रत्यार्थी बनाई रुकमीना डल्लाकोटी समेतले श्री चितवन जिल्ला अदालतमा राप्ती-२ सुरदेवी ब्रम्ह्स्थानी नयाँ बाटो निर्माण कार्य नगर्न नगराउन विषेधाज्ञाको आदेश जारी गरि पाउँ भनि दिनु भएको प्रस्तुत निषेधाज्ञा मुद्धा मिति २०७६।०२।२८ गते इजलास समक्ष पेश हुदा निवेदकको अन्तिम टुङ्गो नलागे सम्म बाटो निर्माण कार्य नगर्न भनि प्रत्यार्थीहरुको नाउँमा अन्तरिम आदेश जारी भएकोमा हामीलाई उक्त आदेश चित्त नबुझेकाले सो आदेश बदर गरि पाउँ भनि उच्च अदालत पाटन हेटौडा इजलासमा निवेदन दिन, तारिखमा रहन, मुद्धासँग सम्बन्धित सम्पूर्ण कार्य गर्न यस नगरपालिका कार्यालयको तर्फबाट प्राविधक सहायक (सहायक चौथो) श्री चेतनाथ थपलियालाई अख्तियारनामा दिई पठाउने निर्णय गरियो ।

**मिति : २०७६।०३।०३   बैठक संख्या : ५३**

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा नगरपालिका सम्पूरक वा अन्य शीर्षकमा केही बजेट मौज्दात रहक सक्ने देखिएकोले २० % उपभोक्ताबाट नगद रकम जम्मा गरेको भौचर सहित मिति २०७६।०३।०५ गते कार्यालय समय भित्र १० लाख देखि ५० लाख सम्मको लागतमा बाटो ढलान गर्न निवेदन प्राप्त भएमा बजेटले पुगेसम्म कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा नगर शिक्षा समितिको निर्णयबाट नगरका विद्यालयमा साविकमा श्रोत व्यक्तिले गर्दै आएको कार्य गर्ने जिम्मेवारी दिने गरी १ (एक) श्रोत शिक्षक दरबन्दी कायम गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा नगरपालिकाबाट आ.व. ०७६/७७ को वर्षभरी गर्नुपर्ने मुख्य मुख्य कामहरु समेटिएको कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रदेश सरकारबाट यस नगरपालिकामा एम्बलेन्स खरिद गर्नका लागि रु १६०००००। प्राप्त भएको छ । राप्ती नगरपालिकाको पहाडी भौगोलिक अवस्थालाई समेत मध्य नजर गरी युरो ४ 4w Bolero वा सो सरहको सवारी साधनलाई ग वर्गको एम्बुलेन्सको रुपमा खरिद गर्न जिल्ला जनस्वास्थ्य कार्यालय मार्फत जिल्ला एम्वुलेन्स संचालन समितिमा पठाउने र संचालनको लागि देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. वडा अध्यक्ष श्री मेनुका पाठक – संयोजक
२. श्री पूर्ण बहादुर थापा राप्ती – ६ - सदस्य
३. कार्यपालिका सदस्य श्री दिल कुमारी लामा - सदस्य
४. श्री शुकमान गुरुङ राप्ती-७ - सदस्य
५. श्री परशुराम पाठक राप्ती-५ - सदस्य
६. प्रमुख, भण्डारा अस्पताल - - सदस्य